**गुर्भाकोट नगर कार्यपालिकावाट मिति २०७९।१२।१२ गते स्वीकृत**

# गुर्भाकोट नगरपालिकाको नगर खेलकुद विकास सम्वन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

गुर्भाकोट नगरपालिकामा शैक्षिक क्षेत्र भित्र वा बाहिर खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भभाव कायम राखी युवाहरुलाई धुम्रमान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको लागि गुर्भाकोट नगरपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकुद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा गुर्भाकोट नगरपालिकाको सहभागिता गराइ खेलकुदको विकास गर्न एवं नगरपालिका भित्र रहेका खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले नेपालको संविधानको अनुसूची ९ को क्र सं २ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम व्यवस्था गर्न वान्छनीय भएकोले गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी यो "**गुर्भाकोट नगरपालिकाको नगर खेलकुद विकास सम्वन्धी कार्यविधि, २०७९**" जारी गरिएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**गुर्भाकोट नगरपालिकाको नगर खेलकुद विकास सम्वन्धी कार्यविधि, २०७९**" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु तथा, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

## परिच्छेद—२

## परिभाषा

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगरपालिका"** भन्नाले गुर्भाकोट नगरपालिकालाई जनाउँछ ।

(ख) **"कार्यविधि"** भन्नाले "**गुर्भाकोट नगरपालिकाको नगर खेलकुद विकास सम्वन्धी कार्यविधि, २०७९**" सम्झनु पर्छ ।

(ग) **"नगर खेलकुद विकास समिति"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "**नगर खेलकुद समि**ति" भनिनेछ ।

(घ) **"वडा खेलकुद विकास समिति"** भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ङ) **"संयोजक"** भन्नाले नगर खेलकुद विकास समिति तथा वडा खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले नगर खेलकुद विकास समिति तथा वडा खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(छ) **"सदस्य—सचिव"** भन्नाले नगर खेलकुद विकास समिति तथा वडा खेलकुद विकास समितिको सदस्य—सचिव सम्झनु पर्छ ।

(ज) **"प्रमुख"** भन्नाले गुर्भाकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) **"उप—प्रमुख"** भन्नाले गुर्भाकोट नगरपालिकाको उप—प्रमुख सम्झनु पर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गुर्भाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) **"सामाजिक विकास समितिको संयोजक"** भन्नाले गुर्भाकोट नगरपालिकाको सामाजिक विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ठ) **“खेलकुद सम्बन्धी संस्था”** भन्नाले दफा १५ बमोजिम सूचीकरण भएका संस्था सम्झनुपर्छ ।

(ड) **“स्थानीय सरकार”** भन्नाले गुर्भाकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ढ) **“तोकिएको” वा “तोकिए बमोजिम”** भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ण) **“खेलकुद ”** भन्नाले गुर्भाकोट नगरपालिकाको आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(त) **“खेलाडी”** भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(थ) **“प्रशिक्षक”** भन्नाले गुर्भाकोट नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ

(द) **“खेलकुद प्रशिक्षक”** भन्नाले नगरपालिकामा कार्यरत खेलकुद सम्वन्धी काम गर्न तोकिएको व्यक्ति वा खेलकुद प्रशिक्षकलाई सम्झनुपर्दछ ।

(ध) **“प्रशिक्षार्थी”** भन्नाले गुर्भाकोट नगरपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(न) **“प्रोत्साहन”** भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ।

(प) **“मेयर कप खेलकुद प्रतियोगिता”** भन्नाले प्रत्येक आर्थिक वर्षमा नगर खेलकुद विकास समितिद्वारा आयोजना गरिने विभिन्न प्रतियोगितात्मक खेलकुदहरुलाइ सम्झनु पर्दछ ।

(फ) **“मेयर कप”** भन्नाले प्रतियोगितामा प्रथम हुने वडा टिमलाई प्रदान गरिने कपलाई सम्झनु पर्दछ ।

(ब) **“शिक्षा युवा तथा खेलकुद शाखा”** भन्नाले गुर्भाकोट नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(भ) **"शाखा प्रमुख"** भन्नाले गुर्भाकोट नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेद ३

## नगर खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३. नगर खेलकुद विकास समितिको गठनः** (१) खेलकुदको विकास गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको ११ सदस्यीय "नगर खेलकुद विकास समिति" को गठन हुनेछः'

(क) प्रमुख वा निजले तोकेको व्यक्ति — संयोजक

(ख) वडा खेलकुद विकास समितिको अध्यक्ष तथा सदस्यहरुमध्ये प्रमुखवाट मनोनित १ जना — सदस्य

(ग) नगर राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीमध्ये नगर खेलकुद समितिबाट मनोनित कम्तीमा एकजना महिला सहित बढीमा २ जना —सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको ब्यक्ति—सदस्य

(ङ) नगर स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट आएका व्यक्तिहरु मध्येबाट नगर खेलकुद समितिबाट मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना —सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये संयोजकवाट मनोनित २ जना — सदस्य

(छ) खेलकुद प्रशिक्षक १ जना सदस्य

(ज) शाखा प्रमुख वा निजले तोकेको अधिकृत १ जना— सदस्य सचिव

**४.** समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगर स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गरी शैक्षिक क्यालेण्डर संगै प्रकाशन गर्ने ब्यवस्था मिलाउने,

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संचरनाको पूर्वाधार निर्माण, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न नगर, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गाउँपालिका तथा नगरपालिका, जिल्ला, प्रदेश र संघमा पठाउने,

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, प्रशिक्षण संस्थाको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने,

(छ) स्थानीय सरकारलाई खेलकुद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(ज) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

झ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको स्रष्टा एवंम निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(ञ) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(ट) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ठ) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको प्रवद्र्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) मेयर कप खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी वा टिम तथा मेयर कप खेलकुद प्रतियोगितामा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने र विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरुलाई दिईने पुरुस्कारको राशी निर्धारण गर्ने,

(त) विभिन्न खेलकुद विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदक प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने,

(थ) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

(द) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(ध) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

६. नगर खेलकुद विकास समितिको सचिवालय शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ ।

## परिच्छेद ४

## वडा खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**७. वडा खेलकुद विकास समिति सम्वन्धी व्यवस्थाः** (१) खेलकुदको विकास गर्नको लागि प्रत्येक वडामा देहाय बमोजिमको ५ सदस्यीय “वडा खेलकुद विकास समिति” को गठन हुनेछः‘

(क) सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको ब्यक्ति— संयोजक

(ख) वडा कार्यसमितिले मनोनित गरेको वडा महिला सदस्यहरुमध्ये १ जना —सदस्य

(ग) वडामा कृयाशिल खेलकुद क्लवहरुको अध्यक्ष वा सदस्यहरुमध्ये वडा खेलकुद विकास समितिले मनोनित गरेको १ जना महिला सहित २ जना —सदस्य

(घ) वडा सचिव १ जना— सदस्य सचिव

८. वडा खेलकुद खेलकुद विकास समितिको सचिवालय वडा कार्यालयमा रहनेछ ।

**९. वडा खेलकुद विकास समितिको काम कर्तब्य र अधिकारः** (१) वडा खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडास्तरीय खेलकुद कार्यक्रम सञ्चालन गर्ने गराउने

(ख) वडा स्तरीय मेयर कप खेलकुद छनौट प्रतियोगिता आयोजना तथा व्यवस्थापन तथा अनुगमन गर्ने

(ग) वडा स्तरीय खेलकुद प्रतियोगिता तथा मेयर कप छनौट प्रतियोगिताको लागि आवश्यक पूर्वाधार तयार गर्ने

(घ) सम्वन्धित वडाका सम्पूर्ण युवा तथा खेलाडीहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्साहन गर्ने

(ङ) मेयर कप खेलकुद छनौट प्रतियोगिताका लागि सम्वन्धित वडामा वडास्तरीय प्रतियोगिता सम्पन्न गरी छनौट भएका खेलाडीहरुलाई निर्धारित कोटा अनुसार नगरस्तरीय खेलकुद प्रतियोगितामा सहभागी गराउने

(च) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक स्रोत जुटाउन पहल गर्ने

(छ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक आर्थिक र प्रचार प्रचार जस्ता उपसमिति गठन गर्ने

(ज) वडामा खेलकुद प्रशिक्षण गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने

**१०. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** (१) सदस्य सचिवको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशअनुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

**११. नगर तथा वडा खेलकुद विकास समितिका सदस्यहरुको पदावधिः** (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ । तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदावधि स्वतः समाप्त हुनेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले संयोजक समक्ष र संयोजकले खेलकुद समिति समक्ष राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा वडा खेलकुद विकास समितिको हकमा सो समितिको सिफारिसमा सम्वन्धित वडा कार्यसमितिले तथा नगर खेलकुद विकास समितिको हकमा सो समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**१२. नगर तथा वडा खेलकुद विकास समितिको सदस्यको अयोग्यताः** (१) देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः—

(क) गैर नेपाली नागरिक,

(ख) ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) मगज बिग्रेको,

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य १८ (अठार) वर्ष उमेर पूरा नभएको ।

**१३. नगर तथा वडा खेलकुद विकास समितिको सदस्यता समाप्त हुने अवस्थाः** (१) देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः—

(क) दफा १२ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद ५

## समितिको बैठक

**१४. नगर तथा वडा खेलकुद विकास समितिको बैठक र निर्णयः** (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य—सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ३ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य—सचिवले राख्नेछ ।

## परिच्छेद ६

## मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन

**१५. मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन सम्वन्धी व्यवस्थाः** (१) नगरस्तरीय मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन नगर खेलकुद विकास समितिले गर्नेछ ।

(२) उपदफा १ बमोजिमको मेयर कप सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकता अनुसार नगर खेलकुद विकास समितिले उपसमिति गठन गरी प्रतियोगिता सञ्चालन गर्नेछ ।

(३) मेयर कप खेलकुद प्रतियोगितामा फुटवल, भलिवल र ब्याडमिण्टन खेल सहभागी गराइनेछ । आवश्यकताअनुसार खेलकुद विकास समितिले खेल विधा घटाउन वा थप गर्न सक्नेछ ।

**१६. मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन प्रक्रियाः** (१) वडा स्तरीय प्रतियोगितामा सहभागी हुन सम्वन्धित इच्छुक वडावासीहरुले अनुसूची १ बमोजिम फाराम स्वयं खेलाडीले भरी भराई तोकिएको समयमा वडा स्तरीय मेयर कप छनौट प्रतियागिता ब्यवस्थापन समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

(२) मेयर कप खेलकुद प्रतियोगिताका विजयी तथा वडावाट छनौट भएका खेलाडीहरुलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) वडा स्तरीय मेयर कप छनौट प्रतियोगिता तथा नगर स्तरीय मेयर कप खेलकुद प्रतियोगितामा समावेश गरिने खेलका इभेन्टहरु नगर खेलकुद विकास समितिले कम्तिमा २ महिना अगावै वडालाई जानकारी गराउनुपर्नेछ ।

(४) वडा स्तरीय मेयर कप छनौट प्रतियागिता मौसमको अनुकुलता समेत हेरी चालु आर्थिक वर्षको माग मसान्त भित्र र नगरस्तरीय मेयर कप खेलकुद प्रतियोगिता फागुन मसान्तभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

(५) वडा स्तरीय प्रतियोगितामा सहभागी नभइ नगर स्तरीय खेलकुद प्रतियोगितामा सहभागी हुन पाइने छैन ।

(६)  वडा स्तरीय मेयर कप छनौट प्रतियोगिता सञ्चालन हुने मिति समय र स्थान कम्तिमा १५ दिन अगावै जानकारी गराउनुपर्नेछ । नगर स्तरीय मेयर कप छनौट प्रतियोगिता सञ्चालन हुने मिति समय र स्थान कम्तिमा १ महिना अगावै जानकारी गराउनुपर्नेछ ।

(७)  नगर स्तरीय मेयर कप प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्वन्धित वडाले खेलाडीहरुलाई पोषाक र झण्डाको व्यवस्था गर्नुपर्नेछ । उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीले सम्पूर्ण खर्च स्वले वा सम्वन्धित वडाले बेहोर्नुपर्नेछ ।

(८) पूर्वाधार र बसोवासको व्यवस्थालाई समेत विचार गरी ईच्छुक वडाहरुका विच वर्षे पिच्छे अलग अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

(१०)  प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकाले अघिल्लो वर्षको कप नै विजयी वडालाई मेयर कपको रुपमा उपलब्ध गराउने ब्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिईनेछ । तर एउटै वडाले निरन्तर रुपमा ३ पटक सम्म मेयर कप जितेमा सो कप उक्त वडाले सधैका लागि राख्न पाउनेछ । आगामी प्रतियोगिताका लागि आयोजकले नयाँ कप बनाउनुपर्नेछ । मेयर कप हराएमा नासिएमा वा मासिएमा जिम्मा लिने निकायले साविक बमोजिमकै मेयर कप तयार गरी खेलकुद समितिलाई उपलब्ध गराउनुपर्ने छ । मेयर कप खेलकुद प्रतियोगितामा प्रयोग हुने कपको नमुना खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१७. मेयर कप खेलकुद प्रतियोगिताको मूल्याङ्कनका आधारहरुः** (१) देहाएका आधारहरुका आधारमा मेयर कप खेलकुद प्रतियोगितामा समाबेश खेलहरुको मूल्याङ्कन गरिनेछ ।

(क) मेयर कप खेलकुद प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल विधा तथा प्रत्येक इभेन्ट्सहरुको ब्यक्तिगत तथा सामूहिक प्रतिस्पर्धा तर्फ प्रथम द्वितीय र तृतीय स्थान हासिल गर्नेलाइ प्रमाणपत्र तथा मेडल प्रदान गरिनेछ ।

(ख) समग्रमा  प्रथम द्वितीय र तृतीय स्थानको निर्णय गर्दा स्वर्णलाई ३ अंक रजतलाइ २ अंक र कास्यलाइ १ अंक दिइ सोही प्राप्ताङ्कका आधारमा निर्णय गरिनेछ । तर कुनै वडाले प्राप्त गरेको पदकको संख्या समान रहेमा समूह खेललाइ छुटयाउने आधार वनाउनुपर्नेछ । समूह खेलको समेत

समान रहेमा वढी खेलाडी आवश्यक हुने समूहका आधारमा स्थान निर्धारण गरिनेछ र सो वाट समेत नछुट्टिएमा गोलाप्रथावाट छुट्याउनुपर्नेछ ।

**१८ खेलकुद प्रतियोगितामा सहभागी हुने खेलाडीहरु सम्वन्धी विषेश ब्यवस्थाः** (१) यस कार्यविधिमा जुनसुकै कुरा भएता पनि चालु आर्थिक वर्षमा सम्वन्धित वडाको स्थायी वासिन्दाको रुपमा रहेका खेलाडीहरु मात्र यस कार्यविधि बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगितामा सहभागी हुन सक्नेछन ।

(२) सामान्यतया प्रतियोगितामा सहभागी खेलाडीले २ खेल विधामा मात्र सहभागी हुन पाउनेछ ।

(३) अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन ।

(४) मापदण्ड भन्दा वाहिरका खेलाडीहरुले भाग लिन पाउने छैन । यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खारेजी गरी निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड वाहिरका खेलाडी सहभागी गराउने वडा र वडा अध्यक्षलाई आयोजक समितिले उचित देखेको अनुसाशन सम्वन्धी कारवाही गर्ने वा कारवाहीका लागि सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(५) खेलाडी सिफारिस गर्दा वडा कार्यालयले देहाएका कागजात सहित सिफारिस गर्नुपर्नेछः

(क) खेलाडीको नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्र

(ख) खेलाडी सम्वन्धित वडाको स्थायी वासी भई हालसम्म वसाईसराइ गरी अन्यत्र नगएको भनी गरिएको वडाको सिफारिस पत्र

(ग) वसाइसरी आएको खेलाडीको हकमा बसाइसराइको कागज

(घ) अन्य आवश्यक कागजात

## परिच्छेद ७

## टिम, क्लव, संघ संस्थाहरुको सूचीकरण र व्यवस्थापन

**१९. खेलकुद सम्बन्धी संस्थाको सूचीकरणः** (१) खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत तोकिएबमोजिम सूचीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा सूचीकरण नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ संस्थाले गुर्भाकोट नगरपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्नेछैन । तर वडा खेलकुद विकास समिति र नगर खेलकुद विकास समितिलाई खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्न वाधा पर्ने छैन ।

(३) संस्थाले नगरपालिकामा सूचीकरणको लागि अनुसूची—३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(४) सूचीकृत भएका संस्थाहरुलाई अनुसूची—४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ,

(५) सूचीकृत भएका संस्थाको नवीकरण गर्न दिईने निवेदन अनुसूची—५ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(६) नगरपालिकामा सूचीकरण गर्दा आवेदन फारम शूल्क रु ५०० बाहेक अन्य दस्तुर लाग्नेछैन ।

(७) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(८) सबै सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउदा शुल्क रू ३०० दस्तुर लाग्ने छ ।

(९) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा नं. PAN लिएको हुनु पर्नेछ ।

(१०) सूचीकरण र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्वन्धित ठाउंको निरीक्षण गर्नु पर्नेछ ।

(११) उपदफा (१) बमोजिम लगतमा नाम सूचीकरण गर्न नसकिने ठहरिएमा सूचीकरण गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(१२) सूचीकरण भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नु भन्दा अगाडि वडा तथा नगर खेलकुद विकास समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।

(१३) नगर खेलकुद समितिमा सूचीकरण भएका टिम, क्लव, संघसंस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई वडा र नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

**२०. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः** (१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित खेलकुद सम्वन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्वन्धी संस्थालाई दिनु पर्नेछ ।

**२१. समितिको स्वीकृति लिनु पर्नेः** (१) खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा गुर्भाकोट नगरपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ । नगरभित्र खेलकुद सम्वन्धी गतिविधि सञ्चालन गर्नुपूर्व खेलकुद विकास समितिको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**२२. सदस्यहरुको भत्ताः** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन्।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउने छन्।

**२३. कार्यक्रम तथा बजेटः** (१) खेलकुद विकास प्रवर्द्धनको लागि गुर्भाकोट नगरपालिकाले आवश्यक बजेट बार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद–८

## आचार संहिता

**२४. आचार संहिताः** (१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी नगर कार्यपालिका र सभा सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा सूचीकरणवाला टिम वा खेलकुद विकास समितिले तोकेको मापदण्डभित्रका खेलाडीहरुलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइने छ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिं कतै बेच्न, धरौटी वा उपहार दिन पाइने छैन । तर कुनै सूचीकरणवाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि नगरपालिकाको स्वीकृतिमा अर्को सूचीकरणवाला क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धा क्षमता विकास गर्न नगरपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्वन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

**२५. सौजन्यताः** (१) सूचीकृत संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राखु पर्नेछ ।

## परिच्छेद—९

## सजाय

**२६. जरिवानाः** (१) सूचीकरण भएका खेलकुद सम्वन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछः

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०००

(ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु. २५००

(ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५०००

(घ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु. १०,०००

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई सूचीकरणको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी सूचीकरणको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था सूचीकरण गरिने छैन ।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**२७. सजायः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ समितिलाई हानी नोक्सानी पुर्याएमा निजलाई २०,०००।— (बीस हजार) रुपैयाँसम्म जरिबाना हुन सक्नेछ ।

(२) आर्थिक सम्पत्तिमा हानी नोक्सानी पुर्याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारवाही हुनेछ।

**२८. असल नियतले गरेको काममा बचाउः** (१) यस कार्यविधि बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिनेछैन ।

**२९.** (१) यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**३०. प्रतिवेदनः** (१) वडा खेलकुद विकास समितिको वार्षिक प्रगति प्रतिबेदन वडा खेलकुद विकास समितिको संयोजकले नगर खेलकुद विकास समितिमा र नगर खेलकुद विकास समितिको वार्षिक प्रगति प्रतिवेदन नगर खेलकुद विकास समितिको संयोजकले कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**३१. बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा ब्याख्या गर्ने अधिकार गुर्भाकोट नगरपालिकालाई हुनेछ ।

**३२. संशोधनः** (१) यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची–१

### (दफा १६ को उपदफा १ सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुनका लागि भर्नुपर्ने फारामको नमुना

सहभागी खेलाडीको नामः

वडा नः

टोल।गाउः

जन्ममितिः

सहभागी हुने खेलः

खेलाडीको हस्ताक्षरः

उल्लेखित व्यहोरा ठिक साचो हो भनि प्रमाणित गर्ने

वडावाट छनौट भएमा

वडा अध्यक्षको

नामः

हस्ताक्षर

मितिः

मोवाईल नः

वडाको छाँपः

## अनुसूची–२

### (दफा १६ को उपदफा २ सँग सम्बन्धित)

### विजयी खेलाडीलाई दिइने प्रमाणपत्रको ढाँचा

गुर्भाकोट नगरापालिका नगर खेलकुद विकास समितिद्वारा आयोजित नगर स्तरीय/वडा स्तरीय मेयर कप खेलकुद प्रतियोगिताको....................................................... खेलमा.......................................................स्थान हासिल गर्नुभएकोमा यसै नगरपालिकाका वडा नं....................श्री ..............................लाई सधन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |

## अनुसूची—३

**(दफा १९ को उपदफा ३ सँग सम्बन्धित)**

**संस्था सुचिकरणका लागि दिईने निबेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

गुर्भाकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । नगर कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं । संलग्न कागजातहरु

क) दर्ता प्रमाण पत्र ।

ख) गत आ व को लेखा परीक्षण प्रतिवेदन ।

ग) कर चुक्ता प्रमाण पत्र ।

घ) कार्य समितिको निर्णय ।

| | |
|---|---|
| ......................... | ........................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

अनुसूची—४

(दफा १९ को उपदफा ४ सँग सम्बन्धित)

**गुर्भाकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।**

**संस्था सूचीकृत प्रमाण पत्र ।**

संस्थाको नामः...............................................

ठेगानाः.........................................................

सूचीकरण हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

सूचीकरण हुँदाका बखत रहनु भएको अध्यक्षको नामः

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । गुर्भाकोट नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

गुर्भाकोट नगरपालिका

**संस्था नवीकरणको विवरण**

| क्र.स | संस्थाको नामः | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |

## अनुसूची–५

### (दफा १९ को उपदफा ५ सँग सम्बन्धित)

### संस्था नवीकरणका लागि दिईने निवेदन

मितिः............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

गुर्भाकोट नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

विषयः संस्था नवीकरण गरी पाउँ ।

........................................................................................... नामक संस्था यस नगरपालिकामा सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरिपाउँ भनि निवेदन गर्न आएको छु/छौ ।अतः आर्थिक बर्ष ................ को संस्था नवीकरण गरी पाउँ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन,

ख) संस्थाको वार्षिक गतिविधि,

ग) भावि योजना र बजेट ।

निबेदक